राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ८ ○अंक १४० ○श्रेणी 'क' ○२०७२ फाल्गुन ११ गते मंगलबार ○ 24 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## पोखरामा प्लाष्टिक प्रतिवन्ध

गोल्डेन न्यूज संवाददाता
पोखरा १० फाल्गुन ।



पोखरा उप-महानगरपालिकामा आगामी वैशाख १ गतेदेखि प्लाष्टिक झोला र प्लाष्टिक जन्य गिलास निषेध गरिने भएको छ । प्लाष्टिकको प्रयोगले मानव स्वास्थ्यमा असर गर्नुको साथै प्रदुषण बढाएको भन्दै पोखरा उप-महानगरपालिकाले आगामी बैशाख १ गते औपचारिक कार्यक्रमका बीच प्लाष्टिक झोला र प्लाष्टिकका गिलास निषेधित क्षेत्र घोषणा गर्ने तयारी गरेको छ । स्थानीय स्वयत्त शासन ऐन २०५५, फोहोरमैला ब्यबस्थापन ऐन २०६८ अन्तर्गत पोखरा उप-महानगर पालिकाले प्लाष्टिक जन्यवस्तु निषेध कार्यविधि २०७२ समेत पारित गरिसकेको छ । नगरपालिकाको १८, १९ र २० औं नगरपरिषद्बाट समेत पारित प्लाष्टिक झोला निषेध सम्बन्धि निर्णयलाई आगामी नयाँ बर्षदेखि कार्यान्वयनमा ल्याउने तयारी गरिएको हो । पोखरा उप-महानगरपालिकाले आगामी चैत्र १५ सम्म मौजाद रहेका प्लाष्टिक झोला तथा गिलास ब्यबस्थापन गर्न आग्रह समेत गरेको छ। चैत्र १५ पछि उप-महानगरपालिबाट खटिएको अनुगमन टोलीले निषेधित बस्तु फेला पारेमा कानुन अनुसार कार्वाही गर्ने कार्यकारी अधिकृत झलकराम अधिकारीले बताए ।

उनले भने-यो अभियान वातावरणीय दृष्टिले र मानव स्वास्थ्यका दृष्टिले पनि निकै राम्रो अभियान भएकोले यसलाई अब सवैले मिलेर सफल पार्नु पर्दछ, प्लाष्टिकको झोलाको विकल्पमा अन्य झोलाहरुको प्रयोग गर्नुपर्दछ ।' निषेधित वस्तु प्रयोग भए नभएको अनुगमनको लागि टोली गठन गर्ने नगरपालिकाले जनाएको छ । पोखरा भित्रने मुख्य नाका विजयपुर, हेम्जा र स्याङजाको सिमानामा अनुगमन टोली खटाएर कडाई गर्ने पोखरा उप-महानगरपालिकाले जनाएको छ । पोखरा उपमहानगरपालिकाले २०६७ साउन १ गते पोखरालाई कालो प्लाष्टिकको झोला निषेधित क्षेत्र घोषणा गरेको थियो । सन् १९०७ मा अमेरिकाबाट उत्पादन सुरु भएको प्लाष्टिकको झोला अहिले विश्वभर फैलिएको छ । प्लाष्टिकको झोला कुहिन एक सय बर्ष लाग्ने, प्लाष्टिकले माटोको गुणस्तर घटाउने, प्रदुषण बढाउने र मानव स्वास्थ्यमा समेत नकारात्मक असर पार्ने नगरपालिकाका इन्जिनियर महेन्द्र गोदारले जानकारी दिए । नगरपालिकाले सोमवार सरोकारवालासँग अन्तर्क्रिया गरी आवश्यक राय सल्लाह, सुझाव संकलन समेत गरेको छ । कार्यक्रममा बोल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनालीले नगरपालिकाको अभियानको प्रशंसा गर्दै सघाउन सबैसग आग्रह गरे । प्लाष्टिकको प्रयोगबाट स्वास्थ्यमा पर्ने नकारात्म प्रभाववारे सबै सचेत हुनुपर्ने उनले बताए ।

पोखरा उद्योग वाणिज्य संघका महासचिव रविन्द्र बहादुर प्रजुले नगरपालिकाको अभियानमा निजी क्षेत्रले पनि सघाउने प्रतिबद्धता जनाए । प्लाष्टिकको झोलाको विकल्पमा अन्य झोला उत्पादनमा ब्यवसायीले जोड दिने उनले बताए । पोखरालाई स्वच्छ र सुन्दर राख्न उद्योग वाणिज्य संघ सधै अग्रसर रहने प्रजुले उल्लेख गरे ।

## कांग्रेस कास्की ४ मा गुरुङ र शर्मा भिड्दै

गोल्डेन न्यूज संवाददाता
पोखरा १० फाल्गुन ।



मनोज गुरुङ



पोषनाथ शर्मा

नेपाली कांग्रेसको १३औं महाधिवेशन अन्तर्गत कास्की जिल्ला क्षेत्र नं. ४ को अधिवेशन यहि फाल्गुन १३ गते बिहीबार हुने भएको छ । यसअघि माघ २२ गते मतगणना कार्यमा त्रुटि देखिएपछि विवादका कारण अधिवेशन रोकिएको थियो । बिहीबार हुने अधिवेशनबाट क्षेत्रीय समितिको नेतृत्व लिन पोषनाथ शर्मा र मनोज गुरुङ प्रतिस्पर्धामा उत्रिएका छन्। त्यस क्षेत्रबाट महाधिवेशन प्रतिनिधिहरु चयन भैसकेपनि महासमिति सदस्य र क्षेत्रीय कार्यसमितिका पदाधिकारी एवं सदस्यहरुको निर्वाचन पुनः हुने भएपछि उम्मेदवारहरु मतदाता क्षेत्रीय प्रतिनिधि समक्ष गाउँ-गाउँमा पुगिरहेका छन् ।

सभापतिका उम्मेदवार शर्मा र गुरुङ दुवैले आफूले चुनाव जित्ने दावी गरेपनि प्रतिस्पर्धा तीव्र रहेको छ । जिल्ला अधिवेशनमा शुक्रराज शर्माको समूह पराजित भएकोले क्षेत्रीय अधिवेशनमा पनि शर्मा पक्षका पोषनाथ पराजित हुने गुरुङ पक्षधरको दावी छ । यसका साथै शर्मा समूहले धोका दिएका नेताहरुले समेत आफ्नो पक्षमा मतदान गर्ने वातावरण बनेको भन्दै उम्मेदवार मनोज गुरुङले आफ्नो विजय सुनिश्चित हुने दावी गरे । उनले मतदाताको रुपमा रहेका कांग्रेस नेता कार्यकर्ता परिवर्तन र पुस्ता हस्तान्तरणको पक्षमा रहेकोले पनि आफूलाई चुनाव जित्न सहज हुने बताए ।

यसैगरी अर्का उम्मेदवार पोषनाथले पनि क्षेत्रीय सभापतिमा आफू विजयी हुने दावी गरेका छन् । पार्टीमा रहेर लामो समय काम गरेको र कार्यकर्तासंग प्रत्यक्ष सम्बन्धित रहेकोले पनि आफूले चुनाव जित्ने दावी उनको छ । उनले पार्टीका नेता कार्यकर्ताले आफूलाई समर्थन गर्ने विश्वास व्यक्त गर्दै अधिवेशन स्थगित नभएको भए आफू सभापति बनिसक्ने दावी गरे । सभापति बाहेक सचिव, कोषाध्यक्ष र सदस्यका उम्मेदवारहरु पनि मतदाता समक्ष गाउँ-गाउँमा पुगेर मत मागिरहेका छन् ।

### जिल्ला कार्यसमितिको बैठक

नेपाली काङ्ग्रेस कास्कीको बैठक सोमबार बसेको छ । १३औं महाधिवेशन अन्तर्गत माघ २५ गते सम्पन्न जिल्ला अधिवेशनपछि पहिलो पटक नवनिर्वाचित कार्य समितिको बैठक बसेको हो। पोखरा चिप्लेढुङ्गास्थित पार्टी कार्यालयमा बसेको बैठकले विविध निर्णयहरु

बाँकी अन्तिम पृष्ठमा......

## मुक्तिनाथ बाहिनीपतिमा सिंह

गोल्डेन न्यूज संवाददाता
पोखरा १० फाल्गुन ।

सशस्त्र प्रहरी बल मुक्तिनाथ वाहिनी पोखरामा नयाँ वाहिनीपतिको आगमन भएको छ । यसअघिका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक जानकी भट्टराईको सरुवा भएपछि नयाँ वाहिनीपतिको रुपमा सशस्त्र प्रहरी नायव महानिरीक्षक नरेन्द्र कुमार सिंह आएका छन् । सरकारको माघ १७ को निर्णय अनुसार भट्टराई सशस्त्र प्रहरी वल मुख्यालय ब्यवसायीक तथा गुणस्तर निर्धारण निर्देशनालयमा सरुवा भएका हुन् । नवआगन्तुक वाहिनीपति सिंह यसअघि सशस्त्र प्रहरी कार्यविभागमा थिए । वाहिनीपतिको रुपमा झण्डै १५ महिनाको कार्यकाल पूरा गरी जान लागेका भट्टराईले सोमवार औपचारिक कार्यक्रमको आयोजना गरी नवआगन्तुक वाहिनीपतिको साथै सहायक वाहिनीपति सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक कृष्णभक्त ब्रमाचार्यको स्वागत गरे । भट्टराईले आफ्नो कार्यकालमा सहयोग गर्ने सबैप्रति आभार ब्यक्त गरे ।

कार्यक्रममा पुनरावेदन अदालत पोखराका मुख्य न्यायधिश डम्बर बहादुर शाही, प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनाली, नेपाली सेना पश्चिम पृतनापति रमेश पुन लगायत चारवटै सुरक्षा निकायका क्षेत्र एबं जिल्लाका प्रमुख, उद्योगी ब्यवसायी लगायतको सहभागिता थियो ।

## राजमार्ग बन्द

गोल्डेन न्यूज संवाददाता
पोखरा १० फाल्गुन ।

लेखनाथकी २९ बर्षीय खिम माया पुन मृत्यु प्रकरणमा छानविनको माग गर्दै पिडित पक्षले वडा प्रहरी कार्यालय शिशुवामा प्रदर्शन गर्दा आईतवार दिनभर पृथ्वी राजमार्ग अबरुद्ध भयो । माघ २६ गते वेगनासतालमा मृत भेटिएकी खिम मायाको हत्या भएको भन्दै आफन्तले दोषी पक्राउ गरी कारवाहीको दायरामा ल्याउन माग सहित प्रदर्शन गरेका हुन् । उनीहरुको प्रदर्शनको कारण पृथ्वी राजमार्ग अन्तर्गत लेखनाथ सडक खण्ड दिनभर अबरुद्ध हुदा हजारौं यात्रुले सास्ती खेप्नुपरेको थियो ।

बाँकी अन्तिम पृष्ठमा......

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension महँगा साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी क्येर, पेडी क्येर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।



सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ नै किन ?



बबिन टेलरिङ सटिङ एण्ड सुटिङ
Ashvira OCM DIGJAM

हार्दिक बधाई एवं शुभकामना



श्री शेरबहादुर क्षेत्रीज्यू

फेवा पब्लिक सेकेण्डरी बोर्डिङ स्कूल, गणेशटोल, पोखरा-४ का प्राचार्य श्री शेरबहादुर क्षेत्री ज्यू प्याब्सन कास्की अन्तर्गत बस व्यवस्थापन समितिको गरिमामय सचिव पदमा चयन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँलगायत सबै पदाधिकारी तथा सदस्यज्यूहरुको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

विनय अधिकारी यज्ञराज पौडेल सुमन आचार्य रेनुका शर्मा
तथा सम्पूर्ण शिक्षक तथा कर्मचारीहरू
फेवा पब्लिक सेकेण्डरी बोर्डिङ स्कूल, गणेश टोल, पोखरा-४

व्यवस्थापक आवश्यकता

सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.का लागि देहाय बमोजिमको कर्मचारी आवश्यक परेको हुँदा योग्य नेपाली नागरिकबाट उम्मेदवारीका लागि आवेदन आह्वान गरिन्छ।

तपशिल

१. पद : व्यवस्थापक २. संख्य : एक (१)
३. शैक्षिक योग्यता : व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण वा सो सरह
४. परीक्षाको किसिम : लिखित, प्रयोगात्मक, अन्तर्वार्ता ।
५. कुनै संस्थामा कार्यरत भए सो संस्थाको विभागीय स्वीकृतिपत्र (No Objection Letter) ल्याउनुपर्नेछ।
६. आवश्यक कागजात : हस्तलिखित निवेदन, वायोडाटा, १ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम अनुभवका प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति।
७. अन्य योग्यता : सहकारी सम्बन्धी फिन्एक्ट जान्ने कुनैपनि सहकारीमा कम्तिमा १ वर्ष व्यवस्थापक भइ अनुभव लिएर नेपाली र अंग्रेजी भाषामा राम्रोसंग कम्प्युटर चलाउन सक्ने।
८. सेवा सुविधा : संस्थाको नियमानुसार ।
९. दरखास्त दिने अन्तिम मिति : २०७२/११/ १५ गते दिउसो २ बजेसम्म।
१०. प्रवेश परीक्षा हुने मिति : २०७२/११/१५ गते दिउसो ३ बजे।

सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा-११,रानीपौवा, फोन : ०६१-५४०२११, ५२५८११

हार्दिक बधाई एवं शुभकामना



आकृश गुरुङ साबित्री श्रेष्ठ

यस विद्यालयमा अध्ययनरत छात्र आकृश गुरुङ पोखरामा आयोजित ट्यालेन्ट कन्टेस्ट "सानो परि एण्ड सानो बाबु" को ग्राण्ड फिनालेमा "फष्ट रनरअप"को उपाधि जित्न सफल भएको र छात्रा साबित्री श्रेष्ठले "बेष्ट ट्यालेन्ट अर्वाड" पाउन सफल भएकोमा दुवैलाई हार्दिक बधाई ज्ञापन गर्दै उनीहरुको उन्नति, प्रगतिका साथै उज्वल भविष्यको शुभकामना व्यक्त गर्दछौं।

साल्वी बाँस्तोला (मर्सानी)
प्रिन्सिपल एवं
ई.सी.ई.सी. मण्टेश्वरी स्कूल परिवार
तुलसीमार्ग, रानीपौवा, पोखरा

## सम्पादकीय ...

# कांग्रेसमा रस्साकस्सी

मुलुकको सबैभन्दा पुरानो र ठूलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस १३औं महाधिवेशनको चटारोमा छ । महाधिवेशनकै पूर्वसन्ध्यामा कांग्रेस सभापति सुशिल कोइरालाको निधनले अभिभावकविहीन बन्न पुगेको कांग्रेसमा आगामी नेतृत्वका लागि रस्साकस्सी सुरू भइसकेको छ । कांग्रेसको बुथदेखि जिल्ला अधिवेशनसम्मको निर्वाचन परिणामलाई विश्लेषण गर्दा गुटबन्दीको रोग भने अझै हट्न नसकेको प्रस्ट देखिएको छ । मुलुकको ठूलो लोकतान्त्रिक पार्टीभित्र अझै पनि लोकतान्त्रिकीकरण हुन नसक्नु दुर्भाग्य हो । कांग्रेसभित्र देखिएको गुटबन्दी अन्त्य गरी पार्टीलाई एकीकृत गर्न सक्षम नेतृत्व आवश्यक छ । तर, व्यवहारत: कांग्रेसका शीर्ष नेतृत्वहरुमा त्यो गुणको अभाव देखिन्छ । पार्टीका आमकार्यकर्ताले सक्षम र सबल कांग्रेसको आवश्यकता महसूस गरिरहेको परिप्रेक्ष्यमा गुट/उपगुटको संस्कार हटाएर समन्वयात्मक ढंगले पार्टीलाई अगाडि लैजाने नेतृत्व जरूरी भएको छ । पार्टीभित्र पराक्रम गर्नेभन्दा परिक्रमा गर्नेलाई स्थान दिने संस्कार हट्न सकेमात्रै कांग्रेसलाई एकढिक्का बनाएर अघि बढाउन सकिन्छ । कांग्रेसमा दूरदर्शी र अभिभावकत्व निभाउन सक्ने नेतृत्व चयन हुन सक्नुपर्छ । कांग्रेसमा चार पुस्ता एकै ठाउँमा छन् । २००७ सालको प्रजातन्त्रदेखि, ०१७ सालको पुस्ता, ०४७ साल हुँदै गणतन्त्र ल्याउन क्रियाशील पुस्ता कांग्रेसमा छन् । चारै पुस्तालाई सँगै लिएर हिँड्नु कांग्रेसको सांगठनिक क्षमता हो । अहिले कांग्रेस दोस्रो चरणको राजनीतिक यात्रामा छ । पहिलो चरणमा कांग्रेसको स्थापनालगत्तै मुलुकमा लोकतन्त्र स्थापना गर्ने र संविधानसभामार्फत संविधान जारी गर्ने सपना सात दशकमा पूरा भयो । संविधानको जगमा टेकेर अब आर्थिक, सामाजिक, राजनीतिक रुपले समृद्ध नयाँ नेपाल निर्माणमा लाग्नु परेको छ । जनताको प्रतिनिधिबाट ऐतिहासिक संविधान प्रात:स्मरणीय सुशील कोइरालाको नेतृत्वमा जारी भयो । अबको चुनौती भनेको संविधानको सफल कार्यान्वयन नै हो, जसका लागि कांग्रेसको जुझारू र सक्षम नेतृत्व आवश्यक देखिएको छ । संविधानसभाको मुद्दालाई राजनीतिमा प्रवेश गराउने कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा ०६४ सालमा संविधानसभालाई औपचारिक रुपमा स्थापित गर्ने काम भएको थियो । यस अर्थमा कांग्रेस मुलुकको राजनीतिक परिवर्तनका लागि अपरिहार्य पार्टी भएको तथ्य अबको नेतृत्वले बिर्सन मिल्दैन । महाधिवेशनले वैचारिक र सांगठनिक हिसाबले सामर्थ्यवान् पार्टी बनाउने पद्धति निर्माण गर्नु जरूरी छ । अधिवेशनको मूल चुनौती र दायित्व पनि यही हो । सांगठनिक रुपले सशक्त, वैचारिक रुपले सुदृढ कांग्रेस अहिलेको आवश्यकता हो । पार्टीलाई नीतिगत रुपले अग्रगामी, समावेशी र समृद्धिको बाटोमा डोऱ्याउने 'भिजन' भएको नेता छनोटको आवश्यकता छ । यो महाधिवेशनमा कांग्रेस प्रतिनिधिहरुले नेता छनोटमा मात्रै केन्द्रित भए भने कांग्रेस ऐतिहासिक जिम्मेवारीबाट चुकेको ठहर्ने छ । महाधिवेशनमा नीतिमाथि बहस हुनुपर्छ, जुन नीतिले कांग्रेसमार्फत नेपाली जनताले गरेका अपेक्षा पूरा हुन सकून् । कांग्रेसको जिल्ला अधिवेशनहरुमा युवाशक्ति र पढेलेखेका पुस्ता निर्वाचित भएका छन् । यसले कांग्रेसमा युवा नेतृत्व आवश्यक छ भन्ने संकेत गर्छ । अब नेतृत्व कसले हत्याउनेभन्दा भोलिको कांग्रेस कस्तो बनाउने भन्नेमा चासो, चिन्ता र बहस केन्द्रित हुनु जरूरी छ । पार्टी सभापति गुमाएको पीडाबीच कांग्रेसको १३औं महाधिवेशन हुँदैछ । शोकलाई शक्तिमा बदल्दै कोइरालाले पूरा गर्न बाँकी रहेको अभिभारा फत्ते गर्न सक्ने निष्ठा र वैचारिक आधार भएको नेतृत्वलाई स्थापित गर्नु अपरिहार्य देखिएको छ ।

# कास्की प्रहरी प्रमुखमा अर्याल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० फाल्गुन ।**

*जिल्ला प्रहरी कार्यालय कास्कीको प्रमुखमा नवआगन्तुक प्रहरी उपरीक्षक घनश्याम अर्यालले कार्यभार सम्हालेका छन् । सोमवार उनले कार्यभार सम्हालेका हुन् । यसअघिका जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक हरि बहादुर पालको महानगरीय दंगा नियन्त्रण प्रहरी गण काठमाडौंमा सरुवा भएपछि नयाँ प्रमुखको रुपमा अर्याल आएका हुन् । उनि यसअघि केन्द्रिय प्रहरी विशेष कार्यदलमा थिए ।*

*कार्यभार सम्हाले लगतै अर्याललाई प्रहरी नायव उपरिक्षक गजुसिद्धी बज्राचार्यले जिल्लाको सुरक्षा अबस्था वारे जानकारी गराएका थिए । उनले सोमवार नै मातहातका प्रहरी युनिटका प्रमुखसँग भेटघाट गर्नुको साथै प्रमुख जिल्ला अधिकारी हरि प्रसाद मैनालीसँग पनि भेट गरेका थिए । साँझ सशस्त्र प्रहरी वल मुक्तिनाथ वाहिनीका नयाँ वाहिनीपतिको स्वागत तथा यसअघिका वाहिनीपतिको बिदाई कार्यक्रममा सहभागी भए ।*


## तु-अवश्यकता

| | |
|---|---|
| एकाउन्टेन काउन्सिलर | - २/ १ जना |
| रिसेप्सनिष्ट (विभिन्न) | - ४ जना |
| मन्टेश्वरी टिचर(स्कुल) | - २ जना |
| मोबाइल पसल/बाईक शोरुम (सेल्समेन) | -४ |
| फेन्सीडिपाट मेन्टल (सेल्समेन) | -५ जना |
| सहकारी मार्केटिङ | - ३ जना |
| स्कूटी वा लाईसन भएको लेडिज | -१ जना |

*हामी तपाईहरुलाई पोखरामा चाहिने सम्पूर्ण खालको काम र कामदार उपलब्ध गराउछौं ।*

**सन्ध्या कन्सल्टेन्सी, बुद्धचोक, पोखरा**
०६१-४३२६५०, ३२५७७८, ९८४६१६६५८०

## बैंक व्यालेन्स

**बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

**सम्पर्क**
**९८२६१-०६६०२**


# हार्दिक समवेदना



**जन्म:**
वि.स.: १९८७/०८/११

**ब्रम्हलीन**
वि.स.: २०७२/१०/२८

## स्व. सु. बुद्धिबहादुर गुरुङ

नेपाली काग्रेस घान्द्रुकका सभापति एवं हाम्रा आत्मीय व्यक्तित्व,युवा समाजसेवी श्री ललित गुरुङ एवं दाजुहरु धनमान, गोलमान र जगनप्रसाद गुरुङका पुजनीय पिता, घान्द्रुकका अग्रज पर्यटन व्यवसायी **सु. बुद्धिबहादुर गुरुङ**को ८६ वर्षको उमेरमा दु:खद् निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध बनेका छौं। उहाँको निधन भएको आज **१३औं दिन**को पुण्य तिथिमा ब्रम्हलीन आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै अपुरणीय क्षतिको यस दु:खद् घडिमा शोकसन्तप्त परिवारजन एवं आफन्तजन, शुभचिन्तक महानुभावहरु सबैमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

**मोहन गुरुङ**
घान्द्रुक-९,छोम्रोङ, कास्की

**ज्यागी गुरुङ**
लालीगुराँसटोल, पोखरा

**विजय गुरुङ**
घान्द्रुक-५, कास्की

**आकाश गुरुङ**
घान्द्रुक-५, कास्की

**शंकरमान गुरुङ**
घान्द्रुक-९,छोम्रोङ, कास्की

**देवानसिंह गुरुङ**
घान्द्रुक-९,छोम्रोङ, कास्की

**रक्की गुरुङ**
पोखरा-१० कास्की

**एवं सम्पूर्ण साथीहरु**

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो । इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

# हार्दिक समवेदना



**जन्म:**
वि.स.: १९८७/०८/११

**स्वर्गारोहण**
वि.स.: २०७२/१०/२८

## स्व. सु. बुद्धिबहादुर गुरुङ

कम्युनिटी सपोर्ट ग्रुप (ऋक्न) पोखराका सल्लाहकार, युवा राजनीतिक एवं सामाजिक व्यक्तित्व श्री ललित गुरुङका साथै धनमान, गोलमान र जगनप्रसाद गुरुङका पुजनीय पिता, पर्यटन व्यवसायी र सामाजिक व्यक्तित्व **सु. बुद्धिबहादुर गुरुङ**को ८६ वर्षको उमेरमा दु:खद् निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध बनेका छौं। उहाँको निधन भएको आज **१३औं दिन**को पुण्य तिथिमा ब्रम्हलीन आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै अपुरणीय क्षतिको यस दु:खद् घडिमा शोकसन्तप्त परिवारजन एवं आफन्तजन, शुभचिन्तक महानुभावहरु सबैमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

**मनोज गुरुङ**
**अध्यक्ष एवं**
**कम्युनिटी सपोर्ट ग्रुप (CSG) परिवार, नयाँबजार, पोखरा**

आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो । ईन्द्रै बिन्ती गरुन् भुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ।।

# हार्दिक समवेदना



जन्मः
वि.स.: १९८७/०८/११

ब्रम्हलीन
वि.स.: २०७२/१०/२८

**स्व. सु. बुद्धिबहादुर गुरुङ**

नेपाली काग्रेस घान्द्रुकका सभापति/ हाम्रा आत्मीय भाइ/मित्र ललित गुरुङ एवं धनमान, गोलमान र जगनप्रसाद गुरुङका पुजनीय पिता, घान्द्रुकका अगुवा पर्यटन व्यवसायीका साथै सामाजिक व्यक्तित्व **सु. बुद्धिबहादुर गुरुङ**को ८६ वर्षको उमेरमा दुःखद् निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध बनेका छौं। उहाँको निधन भएको आज **१३औं दिन**को पुण्य तिथिमा ब्रम्हलीन आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै अपुरणीय क्षतिको यस दुःखद् घडिमा शोकसन्तप्त परिवारजन एवं आफन्तजन, शुभचिन्तक महानुभावहरु सबैमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

निर्मल गुरुङ
अध्यक्ष
**सगरमाथा टेलिभिजन**

**गोपाल गुरुङ**
पोखरा–१३, बाँभ्रापाटन

**ईन्द्रमान गुरुङ**
पोखरा–१३, बाँभ्रापाटन

**सुमन कुंवर**
पोखरा–१०, रामघाट

**विनोद कालिराज**
महेन्द्रपुल, पोखरा

**नारायण गुरुङ**
नदीपुर, पोखरा

**उत्तम पौडेल**
नदीपुर, पोखरा

**सञ्जय मुल्मी**
पोखरा–२, अर्चलबोट

**इन्द्र गुरुङ**
नयाँबजार, पोखरा

**राजु कार्की (विराट)**
पोखरा–२, अर्चलबोट

**शेखर गुरुङ**
सैनिकबस्ती, लेखनाथ

**भोज ब. गुरुङ (सिकन्दर)**
पोखरा–५, पर्स्याङ

**वासुदेव मिश्र**
फूलवारी, पोखरा

**मनबहादुर नेपाली**
आर्वा, कास्की

**राजेन्द्र गोतामे**
पोखरा–१८, छिनेडाँडा

**रोहित बस्याल**
सृजनाचोक, पोखरा

**राजबहादुर गुरुङ**
लुम्ले, कास्की

**जय प्रकाश थापा (पप्पु भाइ)**
जिरोकिमि, पोखरा

**शितल**
पोखरा–५, पर्स्याङ

**युवराज कुँवर**
ढिकुरपोखरी, कास्की

**पोषनाथ शर्मा**
सल्यान, कास्की

**गिरीराज गौतम**
लेखनाथ, कास्की

